"हरित नगर, समृद्ध दमक"

# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दमक–झापा
१ नं. प्रदेश, नेपाल

☎ : ०२३-५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं. : ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

दमक नगरपालिका Damak Municipality

प.सं.
च.नं.

नगर कार्यपालिकाको कार्यालय दमक-झापा १ नं. प्रदेश, नेपाल २०७२

**दमक नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरुलाई दमक नगरपालिका नगरकार्यपालिका कार्यालयको अत्यन्त जरुरी सुचना ।**

## लेखापरीक्षक नियुक्तिको जानकारी पठाउने सम्बन्धि सुचना

सहकारी ऐन, २०७४ को दफा ७५, दमक सहकारी ऐन, २०७५ को दफा ५५ बमोजिम सहकारी संस्थाहरुले आफ्नो बार्षिक कारोवारको अन्तिम लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र , सहकारी ऐनको दफा ७६, र दमक सहकारी ऐन, २०७५ को दफा ५६ बमोजिम नियुक्त लेखापरीक्षकबाट सम्पन्न गराउनु पर्ने कानुनी व्यवस्था रहेको छ । सहकारी संस्थाहरुले सहकारी ऐन, २०७४ को दफा ७४ र दमक सहकारी ऐन, २०७५ को दफा ५४ बमोजिमको आफ्नो संस्थाको बार्षिक कारोवारको अन्तिम लेखापरीक्षण गराउनु अघि लेखापरीक्षक नियुक्तीको जानकारी तपसिलमा उल्लेखित कागजात सहित दमक नगरपालिका नगर कार्यपालिकाको कार्यालय, सहकारी शाखामा अनिवार्य रुपमा बुझाई ऐनले तोकेको समयसीमा २०७८ साल आश्विन मसान्त भित्र अनिवार्य रुपमा लेखापरीक्षण सम्पन्न गराउनु हुन यो सुचना प्रकाशित गरएको छ ।

**तपसिल**

१. लेखापरीक्षकको नाम र ठेगाना ।
२. विगत तिन वर्षमा नियुक्त लेखापरीक्षकहरुको नाम र ठेगाना ।
३. लेखापरीक्षकको लेखापरीक्षण इजाजत पत्रको प्रतिलिपि ।
४. लेखापरीक्षकको नियुक्तिका साथै पारिश्रमिक तोक्ने सम्बन्धमा साधारण सभाको निर्णयको प्रतिलिपि ।
५. लेखापरीक्षकको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
६. ऐनको दफा ७७ को (२) बमोजिम लेखापरीक्षकले सहकारी संस्थामा पेश गरेको आफु लेखापरीक्षकमा नियुक्त हुन अयोग्य नभएको व्यहोराको लिखित जानकारीको प्रतिलिपि ।

दिनेशकुमार न्यौपाने
उपसचिव
अधिकृत: दशौं तह

Scanned with CamScanner